# केसिंह गाउँपालिका.आई.

# स्थानीय राजपत्र

खण्ड ०८ संख्या०६ मिति२०८१/१२/२६

## भाग-०२

## केसिंह गाउँपालिका.आई.

नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ को उपदफा २ बमोजिम गाउँपालिकाले बनाएको तल लेखिए बमोजिमको कानून यस केसिंह गाउँपालिकाको राजपत्रमा .आई. प्रकाशन गरिएको छ।

कार्यपालिकाबाट स्वीकृत मिति:२०८-१/१२/२६

## गरिब तथा विपन्न परिवार र एकल महिलाका लागि आयआर्जन सम्बन्धि कृषि तथा पशुपालन कार्यक्रम अन्तर्गत भैंसीपालन कार्यक्रम सञ्चालन कार्यविधि, २०८१

**प्रस्तावना**:सुदूरपश्चिम प्रदेश सरकारबाट आ.व. २०८१।०८२ को विशेषअनुदान अन्तर्गत गरिब तथा विपन्न परिवार र एकल महिलाका लागि आयआर्जन सम्वन्धि  कृषि तथा पशुपालन कार्यक्रममा स्विकृत २५ लाख बजेटलाई कार्यान्वयन गर्न र के. आई सिहं गाँउपालिका भित्र भैसीपालन कार्यक्रमलाई व्यवस्थित , पारदर्शी र प्रभावकारी ढङ्गले सञ्चालन गर्न बाञ्छनीय भएकोले,

### परिच्छेद –०१
### प्रारम्भिक

**१.संक्षिप्त नाम र प्रारम्भ** : (१) यो कार्याविधिको नाम " गरिब तथा विपन्न परिवार र एकल महिलाका लागि आयआर्जन सम्वन्धि कृषि तथा पशुपालन कार्यक्रम २०८१ " रहेको छ।

(२) **परिभाषा** : विषय वा प्रसङगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

क. "अनुदान" भन्नाले कार्यक्रम अञ्चालनका लागि सम्वन्धित वडाहरुमा गरिब तथा विपिन्न परिवार र एकल महिलका लागि आयआर्जन सम्वन्धि कृषि तथा पशुपालन कार्यक्रममा समेटिने गरिब ,विपिन्न परिवार र एकल महिलाहरु समावेश भएर गठन भएको उपभोक्ता समितिलाई सम्झनु पर्दछ ।

ख)"गाँउपालिका" भन्नाले के.आई. सिंह गाउँपालिकालाईसम्झनुपर्दछ ।

ग."कार्यविधि" भन्नाले गरिब तथा विपन्न परिवार र एकल महिलाका लागि आयआर्जन सम्वन्धि कृषि तथा पशुपालन कार्यक्रम सञ्चालन कार्यविधि २०८१ सम्झनुपर्दछ ।

घ. "उपभोक्ता समिति" भन्नाले गरिब तथा विपन्न परिवार र एकल महिला सदस्य रहेको सम्वन्धित वडा अध्यक्षको अध्यक्षतामा बैठक बसी छनौट गरेको भैसीपालन उपभोक्ता समिति सम्झनु पर्दछ ।

ङ."आर्थिक विकास समिति" भन्नाले प्रचलित कानुन बमोजिम गठित गाँउपालिकाकोआर्थिक विकास समितिलाई सम्झनुपर्दछ ।

च." कार्यपालिका" भन्नाले के.आई.सिंह गाँउ कार्यपालिका भन्ने बुझिन्छ ।

छ ."गरिव तथा विपन्न परिवार" भन्नाले सामाजिक ,आर्थिक रुपमा पछाडी परेका, जिविकोपार्जन गर्न नसकेका एकल महिला ,दलित जनजाती असहाय र न्युन आयस्तर भएका परिवारलाई सम्झनुपर्दछ ।

**३.उद्देश्यहरुः**

यस कार्यक्रमका उदेश्यहरु देहाय बमोजिम रहेका छन्

क.यस गाँउपालिका भित्र रहेका गरिव तथा विपन्न परिवार र एकल महिलाहरुलाई समेटी भैसीपालन कार्यक्रमलाई व्यवसायिक वनाउने ।

ख. भैसीको उत्पादन र उत्पादकत्व अभिबृद्धि गर्ने ।

ग) व्यवसायिक रुपमा भैसीपालनको विकास गरि आर्थिक उपार्जनको प्रमुख आधार तयार गर्ने ।

घ) दुग्ध तथा दुग्धजन्यपर्दाथमा गाँउपालिकालाई आत्मनिर्भर वनाउदै व्यापार व्यवसाय प्रवर्धन गर्न कृषकलाई उत्प्रेरित गर्ने ।

**४. रणनितिहरु :**

दफा ३ मा उल्लेखित उद्धेश्यहरु प्राप्तिका लागि देहायका रणनितिहरु अपनाइनेछ ।

क. भैसीपालन व्यवसायलाई सुधार गर्दै कृषकहरुलाई व्यवसायिक रुपमा भैसीपालन गर्न प्रेरित गरिनेछ ।

ख. भैसीपालन व्यवसायलाई व्यवस्थित गर्न सुधारिएको गोठ ,नश्ल सुधार , आहारा व्यवस्थापन , वजार विकास एवं क्षमता अभिबृद्धिका कार्यक्रमहरु सञ्चालन गरि भैसीपालन क्षेत्रको रुपमा विकास गरिनेछ ।

ग.भैसीपालन उपभोक्ता समिति मार्फत प्रत्येक वडाहरुमा भैसीपालनलाई प्रोत्साहन गरिनेछ ।

घ.कार्यक्रमको दिगोपनाको लागि सरोकारवालाहरु सँग आवस्यक समन्वय र सहकार्य गरिनेछ ।

ङ.भौतिक संरचना निर्माण/सुधार , औजार/ उपकरण खरिद आहारा व्यवस्थापन , क्षमता अभिबृद्धि, वजार व्यवस्थापन , पशु स्वस्थ्य सेवा सञ्चालन , जैविक सुरक्षा ,अनुगमन तथा मुल्यांकन जस्ता कृयाकलापहरु सञ्चालन गरिनेछ ।

च. उत्पादन लागत कमगरि प्रतिस्पर्धि क्षमता विकास गर्न उन्नत घाँस खेति र घाँस संरक्षण विधि अवलम्बनलाई प्रोत्साहित गरिनेछ ।

## परिच्छेद–०२

## कार्यक्रम सञ्चालन सम्वन्धि व्यवस्था

५.कार्यक्रमको अवधि :यसकार्यक्रमको अवधि (२०८१ श्रावण १गते देखि २०८२ असार मसान्तसम्म) १ वर्षको हुनेछ र तत्पश्चात कार्यक्रमको निरन्तरताको लागि भैसीपालन उपभोक्ता समिति स्वयंम सक्षम हुने अपेक्षा गरिएको छ।

६. विशेष प्राथमिकता : जिविकोपार्जन गर्न नसकेका एकल महिला,असहाय, आर्थिक तथा सामाजिक रुपमा विपन्न व्यक्ति एवम परिवारलाई विशेष प्राथमिकता दिइनेछ।

७. भैसीपालन समिति गठन :

क. गरिव तथा विपन्न परिवार र एकल महिलाहरुको छनौट गरि उक्त समुदायका विशेष प्राथमिकता प्राप्त व्यक्तिहरु मध्यवाट वडा नम्बर १मा १० जनाको र वडा नं.२,३,४,५,६ र ७ मा ५/५ जनाको भैसीपालनउपभोक्ता समिति वडा कार्यालय र पशु सेवा शाखाको रोहबरमा गठन गरि अध्यक्ष , कोषाध्यक्ष र सचिव सहितको वडा नं.१ मा १० सदस्य र २,३,४,५,६ र ७ मा ५ सदस्य रहेको भैसीपालन उपभोक्ता समिति गठन गरिनेछ।

ख. गत वर्षकोगरिव तथा विपन्न परिवारका लागि पशुपालन कार्यक्रममा नसमेटिएका वडाहरुलाई पहिलो प्रथमिकतामा राखेर आधार मानि वडा नम्बर १ मा १वटा १० जनाको उपभोक्ता समिति गठन गर्ने र वाँकी ६ वटा वडामा १/१ वटा ५ सदस्यीय भैसीपालन उपभोक्ता समिति गठन गरिनेछ , जस अन्तर्गत १ परिवारको १ जना मात्र सदस्य रहनेछ।

दफा ७ को क मा उल्लेखित वडाहरु मध्य कुनै वडाहरुमा भैसी पालन उपभोक्ताहरु कार्यक्रम कार्यन्वयनका लागि राजि नभई कार्यक्रम संचालनमा सहभागिता नदेखिएमा ईच्छुक अन्य वडाहरुमा उपभोक्ताहरुको संख्या थपघट के आई सिंह गाउँपालिका आर्थिक विकास समितिको निर्णयानुसार गर्न सकिनेछ।

८.कार्यक्रम सञ्चालनका लागि छनौटका आधारहरु :

क)भौगोलिक तथा वातावरणीय दृष्टिकोणले भैसीपालन सम्भावना रहेको क्षेत्र हुनु पर्नेछ।

ख. विगत ३ वर्ष देखि के.आई सिंह गाँउपालिकार अन्य सरकारी तथा गैर सरकारी संघ संस्थाहरुबाट यस्तै प्रकृतिकाकार्यक्रमबाट सहयोग वा अनुदान नपाएको हुनु पर्नेछ।

ग. भैसीपालन व्यवसाय सञ्चालनका लागि घाँस खेतिको सम्भावना भएको हुनु पर्नेछ ।

घ) भैसीपालन कार्यक्रम प्रति कृषकहरुको झुकाव र प्रभावकारी कार्यान्वयनको सम्भावना भएको हुनुपर्नेछ।

९. अनुदान रकमबाट सञ्चानगर्न सकिने कार्यहरु :

९.१ गाँउपालिकाले गरिब तथा विपन्न परिवार र एकल महिलाका लागि भैसीपालन कार्यक्रम अर्न्तगत रहि निम्न कृयाकलापहरु सञ्चालन गर्न सकिनेछ :

क.खोर निर्माण/सुधार र जैविक सुरक्षाका उपायहरुको अबलम्बन ।

ख. घाँसको विउ/वेर्ना खरिद ढुवानी र वितरण।

ग) औजार/उपकरण खरिद ।

घ. दुध दिन योग्य स्थानिय जातको माउ भैसी खरिद तथा वितरण।

ङ.भैसीको आन्तरिक तथा बाह्य परजिवि नियन्त्रण र उपचार ।

छ.क्षमता विकास तालिम र अन्तरक्रिया गोष्टी।

ज. प्रगति प्रतिवेदन अभिलेखिकरण र तथ्याङ्कअध्यावधि ,बैठक भत्ता खाजा अनुगमन र अन्य प्रशासनिक खर्च
झ.स्थान विशेषको आवश्यकताको आधारमाकार्यालयले उचित ठानेका भैसिपालन प्रवर्दनमा सहायक हुन सक्ने अन्य कार्यक्रमहरु
ञ.भैसीको अनिवार्य विमा सञ्चालन ।
९.२ माथि उल्लेखित कृयाकलापहरुमा आवश्यकता र औचित्यका आधारमा स्विकृत वजेटको अधिनमा रहि उक्त वजेटको Break down प्रचलित कानुनको अनुसार दफा ९.१ बमोजिमका शिर्षकहरुमा पशु सेवा शाखाले तयार गरि आर्थिक विकास समितिवाट स्विकृतगरि बजेट खर्च गर्नुपर्नेछ ।

१०. <u>कार्यक्रम सञ्चालन प्रकृया :</u>
१.गाँउपालिकाले वार्षिक स्विकृत कार्यक्रम अनुसार गरिव तथा विपन्न परिवर र एकल महिलालाई लक्षित गरि भैसीपालन कार्यक्रम सञ्चालन गर्ने र कार्यक्रम गाँउपालिकाका सवै वडाहरुमा सञ्चालन गरिनेछ । लक्षित वर्गको छनौट कार्यविधि अनुसार वडाकार्यालय र पशु सेवा शाखाले गर्नेछ ।
२.उपदफा २ बमोजिम छनौट भएकामध्येवाट वा आवश्यकता अनुसारको थपघट पश्चात भैसीपालन कार्यक्रम सञ्चालन हुने क्षेत्रको अनुमोदन के.आई.सिह. गाँउपालिका गाँउकार्यपालिकाले गर्नुपर्नेछ ।
३.भैसीपालन कार्यक्रम सञ्चालनका लागि बस्ने कार्यपालिको मासिक बैठकमा रु १०००।–का दरले बैठक भत्ता उपलब्ध गराउन सकिनेछ र उक्त भत्तामा नियमानुसारको करकट्टी गरि भुक्तिनी गरिनेछ ।
४. कार्यक्रम सञ्चालनका लागि कार्यपालिकाको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।
क. कार्यक्रम संञ्चालनका लागि लक्षित समुदाय तथा व्यक्तिको छनौटमा सहजिकरण र अनुमोदन ।
ख. भैसीपालन उपभोक्ता समितिहरुको प्रस्तावित कार्ययोजना र कार्यक्रमको अनुमोदन ।
ग.सञ्चालित कार्यक्रमहरुको स्थलगत अनुगमन र पृष्ठपोषण ।
घ. कार्यप्रगतिको समिक्षा र आवश्यक समन्वय ।
५सम्बन्धित वडा कार्यालयलेउपदफा ३ बमोजिम छनौट भएका भैसीपालन उपभोक्ता समितिको बारेमा स्थानिय जनप्रतिनिधि, पशुसेवा शाखाका प्राविधिक,कृषक र अन्य सरोकारवालाहरुको भेला गराई कार्यक्रम बारे जानकारी दिइनेछ । सोहीभेलाबाट कार्यक्रममा सहभागी हुने कृषकहरुको छनौट गरि प्रति समिति कम्तिमा ५ जना कृषक रहने गरि गठन गरिएको समितिको अनुसुची–०१ अनुसारको विवरण तयार गर्नेछ ।
६.अनुसुची १ बमोजिम छनौट भएका व्यक्तिहरुलाई ५० प्रतिशत अनुदानमा कम्तिमा १ वटाका दरले माउ भैसी उपलब्ध गराउनेछ।
७. उपदफा ७बमोजिम विवरण तयार गर्दा भैसीपालन कृषक उपभोक्ता समिति आर्थिक रुपले गरिव तथा विपन्न परिवार र एकल महिलाहरुलाई प्राथमिकता दिई पशुसेवाशाखाले विवरण तयार गर्नुपर्नेछ ।
८. उपदफा३ बमोजिमगठन भएका समितिहरुसंग कार्यक्रम सञ्चालनका लागि द्धिपक्षिय सम्झौता गर्नेछ ।
९. भैसी खरिद गर्दा सम्वन्धित उपभोक्ता समितिका पदाधिकारी र पशु सेवा शाखाको रोहबरमा खरिद गर्नुपर्नेछ । जसमा भैसीको जम्मा मूल्यको ५० प्रतिशत रकम कार्यालयले व्यहोर्नेछ र ५० प्रतिशत सम्वन्धित लाभग्राहीले व्यहोर्नेछ ।
१०. गाँउपालिकाले भैसीपालन कार्यक्रम सञ्चालनका लागि उपभोक्ता समितिलाई अभिमुखिकरण गर्नेछ र उपभोक्ता समितिलेआफ्नो आवश्यकता अनुसार कृयापकलापहरु समाबेश गरि अनुसुची २ बमोजिमको वार्षिक कार्य योजना पेश गर्नेछ ।
११. कृषकलाई आवश्यक पर्नेऔषधि ,उपकरण ,तालिम सामाग्री र वाह्य क्षेत्रवाट खरिद हुने सामाग्रीहरु पशु सेवा शाखाबाट खरिद गरि सम्वन्धित भैसीपालन उपभोक्ता समितिलाई सत प्रतिशतमा अनुदानमा उपलब्धगराउनेछर आवश्यकता अनुसार पशु सेवा शाखामा राखि प्रयोगमा ल्याउन सक्नेछ ।

१२भैसी खरिद गर्दा पशु चिकित्सकबाट पशुस्वास्थ्य जाँच तथा निरोग्यता प्रमाणपत्र अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।

११. **सम्झौता :**

१.गाँउपालिकले भैसीपालन उपभोक्ता समितिसँग अनुसुचि–०३ बमोजिमको द्विपक्षिय सम्फौता गरि कार्यक्रम कार्यान्वयन गर्नेछ ।

२.सम्फौताको जानकारी भैसीपालन उपभोक्ता समिति रहेको वडा कार्यालयलाई गरिनेछ ।

३.द्विपक्षिय सम्झौतालाई कार्यक्रम कार्यन्वयनको मूल आधार मानिनेछ ।

१२. अनुदान प्रवाहकाशर्तहरु :

१.सम्फौतामा उल्लेखित रकम भन्दा अधिकका क्रियाकलापहरु भैसीपलन उपभोक्ता समिति स्वंयले वेहोर्नेर अन्य स्रोतको व्यवस्था गरि सञ्चालन गर्नु पर्नेछ ।

२)अनुदान रकम दुरुपयोग भएको पाइएमा त्यस्ता अनुदानग्राहीबाट प्रचलित कानुन बमोजिम सरकारी बाँकी सरह अनुदान रकम असुल उपर र कारवाही हुनेछ ।

३) घाँस खेतिमा आधारित भैसीपालनको लागि मौसम र आवश्यता अनुसार हिउदे वर्षे बहुवर्षे भुँई तथा डालेघाँस खेतिप्रविधि अवलम्बन गर्नु पर्ने ।

४. कार्यक्रम सञ्चालनका लागि उपभोक्ता समितिमा कम्तिमा ५ जनाको भएको हुनुपर्नेछ ।

५. भैसीपालन उपभोक्ता समितिमा पालन गरिने दुधालु माउ भैसी स्थानिय हावापानी सहन सक्ने र उक्त हावापानीमा सहजै हुर्कन सक्ने हुनु पर्नेछ ।

६. कार्यक्रममा आवद्ध उपभोक्ता समितिले भैसीको अनिवार्य विमा गर्नुपर्नेछ र विमा शुल्क के.आई. सिंह गाँउपालिकाको विशेष अनुदान कार्यक्रमबाट वेहोरिनेछ ।

७.समितिले चौमासिक अवधिमा अनुसुचि – ५ वमोजिमको विवरण सम्वन्धित वडा कार्यालय र गाँउपालिकाको पशु सेवा शाखामा पेश गर्नुपर्नेछ ।

१३. कार्यक्रम कार्यान्वयन सम्वन्धि जिम्मेवारी,दायित्व :

१. कार्यक्रम कार्यान्वयनको सिलसिलामा भैसीपालन उपभोक्ता समिति छनौट , अनुमोदन ,गठन , अभिमुखिकरण , कार्ययोजना तयारीमा सहजिकरण कार्य योजना अनुमोदन र स्विकृति ,सम्फौता र भुक्तानी सम्वन्धि जिम्मेवारी र दायित्व के.आई.सिंह गाँउपालिको हुनेछ ।

२.सम्फौतामुताविकको कार्य निर्धारित समय सिमाभित्र उच्च गुणस्तर कायम राखि सम्पन्न गर्ने दायित्व सम्वन्धित उपभोक्ता समितिको हुनेछ ।

३. भैसीपालन उपभोक्ता समितिलाई प्राविधिक सेवा गाँउपालिकाले दिनेछ ।

४. अनुदानग्राहीले कार्यक्रम सञ्चालनको प्रगति प्रतिवेदन सम्वन्धित कार्यालयमा उपलब्ध गरानुपर्नेछ ।

१४. भुक्तानी प्रकृया :

१. भैसीपालन उपभोक्ता समितिले आफ्नो समितिमा आवद्ध प्रत्येक व्यक्तिलाई५० प्रतिशत अनुदानमा कम्तिमा१ वटा भैसी खरिद गरि उपलब्ध गराउनु पर्नेछ , सो कार्यको सहजिकरण पशु सेवा शाखाले गर्नुपर्नेछ ।

२. गाँउपालिकाले सम्झौता वाफतको रकम औचित्यताको आधारमा सम्वन्धित समितिको बैक खातामा अनुदान रकम भुक्तानी दिनेछ ।

३. गाँउपालीकाले सम्झौता अनुसारको रकम सम्पादित कार्यहरुको नियमानुसार विल /विजक, प्राविधिक प्रतिवेदन र वडा कार्यालयको सिफारिस सहितका कागजातहरु गाँउपालिकामा पेश गर्नुपर्नेछ ।

४. भैसिपालन उपभोक्ता समितिले कार्यसम्पन्न भए पश्चात सरोकारवालाहरुको सहभागितामा सम्वन्धित वडा कार्यालय र पशु सेवा शाखाको कर्मचारीको उपस्थितिमा सार्वजनिक सुनुवाई गर्नुपर्नेछ र सोको प्रतिवेदन अन्तिम भुक्तानीका समयमा कार्यसम्पन्न प्रतिवेदन सहित गाँउपालिकामा पेश गर्नुपर्नेछ ।

५. भैसीपालन उपभोक्ता समितिले आफ्नो बैक खाताको विवरण सहितको बैक स्टेटमेन्टको प्रतिलिपी पेश गर्नुपर्नेछ ।

१५. <u>अनुगमन र मुल्याङ्कन :</u>

१. आवश्यकता अनुसार सारोकारवालाहरुवाट र भुक्तानी प्रयोजनको लागि सम्वन्धित विज्ञ र प्राविधिक टोलिहरुबाट कार्यक्रमको अनुगमन /मुल्याङ्कन गर्न सकिनेछ । अनुगमन गरि सकेपश्चात अनुगमन प्रतिवेदन अनुसुचि –०६ बमोजिमको ढाँचामा पेश गर्नुपर्नेछ ।

२. अनुगमन र मुल्याङ्कन गरेको दिन गाँउपालिका सम्वन्धित वडा कार्यालयका पदाधिकारी , कर्मचारी पशु/कृषि विकास शाखाका कर्मचारी, आर्थिक विकास समितिका पदाधिकारी र गाँउपालिका पदाधिकारीहरुलाई अनुगमन खर्च वाफत प्रतिदिन रु १०००।– भत्ता रकम दिइनेछ । जसमा नियमानुसार १५ प्रतिशत कर लाग्नेछ ।

३. अनुदानको उपयोग प्रगतिको अवस्था र कार्यविधि बमोजिमका शर्तहरु पालना गरे/नगरेको सम्वन्धमा सम्वन्धित कार्यालयले नियमित अनुगमन गर्नेछ ।

४.अनुगमन टोलीले अनुदान उपयोग सम्वन्धिआवश्यकता अनुसार निर्देशन दिन सक्ने र यसरी दिइएको निर्देशनलाई पालन गर्नु सम्वन्धित उपभोक्ता समितिको कर्तव्य हुनेछ ।

५. कार्यक्रम स्थलमा सबैले बुझ्ने भाषामा होडिङ्ग बोर्ड तयार गरि अनुदान प्राप्त रकम कामको विवरण खुल्ने गरि सार्वजनिक जानकारीको लागि राख्नुपर्नेछ ।

६.गाँउपालिकाले समय समयमा अनुसुचि –०६ बमोजिम अनुगमन कार्यका लागि प्राविधिक तथा प्रशासनिक कर्मचारी/पदाधिकारी परिचालन गर्नेछ ।

## <u>पच्छिेद –०३</u>

## विविध

१६. कार्वाही :

क.सम्झौता अनुसार काम नगर्ने उपभोक्ता समितिलाई कार्यालयले अनुदान रोक्का गर्नेछ र दुरुपयोग भएको रकम १० प्रतिशत जरिवाना सहित असुल उपर गरिनेछ ।

ख.अनुदान लिइ दुरुपयोग गर्ने उपभोक्ता समितिलाई गाँउपालिकाबाट आगामी दिनमा कुनै पनि कार्यक्रममा सहभागी गराइने छैन ।

१७. प्रचलित कानुन लागु हुने : कार्यक्रम कार्यान्वयनको सम्वन्धमा यस कार्यविधिमा उल्लेख भएको हकमा यसै बमोजिम र उल्लेख नभएमा प्रचलित कानुन बमोजिम हुनेछ ।

१८. बाधा अड्काउ फुकाउने : यो कार्यविधि बमोजिम कार्य सम्पादन गर्न कुनै बाधा अड्काउ परेमा गाँउ कार्यपालिकाले आवश्यक निर्णय गरि त्यस्तो बाधा अड्काउ फुकाउन सक्नेछ ।

१९. खारेजी एवम संशोधन : गाँउकार्यपालिकाले आवश्यक अनुसार यो कार्यविधि खारेजी वा संशोधन गर्न सक्नेछ ।

# अनुसूचि -०१

गरिव तथा विपन्न परिवार र एकल महिलाका लागि भैसीपालन कार्यक्रमा आवद्ध कृषकहरुको विवरण

कार्यक्रमको नाम : ठेगानाः

कार्यसमितिका पदाधिकारीहरु :

| क.स. | नाम थर | ठेगाना | पद | सम्पर्क नम्वर |
|---|---|---|---|---|
| १ | | | अध्यक्ष | |
| २ | | | कोषध्यक्ष | |
| ३ | | | सचिव | |
| ४ | | | सदस्य | |
| ५ | | | सदस्य | |
| ६ | | | सदस्य | |
| ७ | | | सदस्य | |
| ८ | | | सदस्य | |
| ९ | | | सदस्य | |
| १० | | | सदस्य | |

कार्यक्रममा आवद्ध कृषकहरको विवरण

उपभोक्तासमितिको नाम :

ठेगाना :

| क.स. | कृषकको नाम | ठेगाना | सम्पर्क नं. | परिवार संख्या | विद्धमान भैसीको अवस्था | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | माउभैसी | पाडा | पाडी |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

## अनुसूचि -०४

वार्षिक कार्ययोजना फाराम

कार्यक्रमको नाम :

ठेगाना :

आ.व.

| सि.न. | क्रियाकलाप | इकाई | वार्षिक बजेट | प्रथम चौमासिक बजेट रु. | द्धितिय चौमासिक बजेट रु. | तृतिय चौमासिक बजेट रु. | सञ्चालन हुने महिना | जिम्मेवारी |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

तयार गर्ने स्विकृत गर्ने :

# अनुसूचि -०३

**गरिब तथा विपन्न परिवार र एकल महिलाका लागि भैसीपालन कार्यक्रम सञ्चालनका लागि सम्झौता पत्र**

के.आई.सिंह गाँउपालिकाको प्रदेश सरकारबाट प्राप्त विशेष अनुदानको आ.व. २०८१/०८२ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार भैसीपालन कार्यक्रम सञ्चालनका लागि मिति .........................को गाँउकार्यपालिको बैठकको निर्णयबाट अनुमोदित कार्यक्रम सञ्चालन गर्न के.आई.सिंह गाँउपालिका, डोटी (यस पछि प्रथम पक्ष भनिने) र श्री............................ ( यस पछि दोश्रो पक्ष भनिने ) का विच तपसिल बमोजिकका शर्तहरु पालन गर्न मन्जुर भै यो द्धिपक्षिय सम्झौता गरिदियौ/लियौ ।

तपसिल :

१. भैसीपालन कर्याक्रम डोटी जिल्ला के.आई.सिंह गाँउपालिका ............वडामा मिति ..............देखि सुरु भइ मिति ................सम्मा सम्पन्न गरिनेछ।

२. दोस्रो पक्षले पेश गरेको स्वीकृत वार्षिक कार्यक्रम मुताविक निम्न कृयाकलापहरुका सञ्चालनका लागि प्रथम पक्षले रु.......................अक्षेरुपी (.......................) अनुदान उपलब्ध गराउनेछ।

| क.स. | कृयाकलापको नाम | इकाई | परिमाण | दर | जम्मा रकम रु | जिम्मेवारी | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

३. प्रथम पक्षले प्रदान गर्ने अनुदान बैक खाता मार्फत भुक्तानी दिइनेछ।

४. दोश्रो पक्षले भैसीपालनका लागि आवश्यक कृयाकलापहरु र समस्याहरु पहिचान गरि प्राथमिकता आधारमा आवश्यक पर्ने कार्यक्रम तथा बजेट तर्जुमा गरि सम्वन्धित कार्यालयमा स्विकृतिका लागि पेश पर्नेछ ।

५. कार्यक्रम कार्यान्वयनका लागि आवश्यक निर्माण सम्वन्धित डिजायन , इस्टिमेट , सुपरभिजन , रनिङविल, अन्तिम विल र कार्य सम्पन्न प्रतिवेदन सम्वन्धि प्राविधिक कार्यहरु गाँउपालिकावाट गरिनेछ।

६. प्रथम पक्षले कुनैपनि वखत सञ्चालित कार्यक्रमको अनुगमन /निरिक्षण गरि सम्झौता मुताविक कार्य भए /नभएको अनुगमन गर्न र आवश्यक सुझाव दिन सक्नेछ।

७.कार्यक्रम सञ्चालनका दौरान वा सम्पन्न भए पश्चातको सञ्चालन मर्मत सम्भार व्यवस्थापन जोखिम र दिगोपनाको लागि गरिने कार्यहरु तथा अप्रत्यासित रुपमा सृजित सवै प्रकारका दायित्य र जिम्मेवारी दोश्रो पक्षको हुनेछ।

८. दोश्रो पक्षले कार्यक्रम सञ्चालन स्थलमा अनिवार्य रुपले कार्यक्रमको नाम, ठेगाना तथा सहयोगी निकायको नाम र खनुदान रकम उल्लेखित होडिङ्ग बोर्ड सबैले देख्ने गरि राख्नुपर्नेछ।

९.दोश्रो पक्षले सम्पूर्ण कायहरु उच्च गुणस्तर राखि सम्पन्न गर्ने तथा तथ्याङ्क र अभिलेखहरु अद्यावधिक गरि राख्नेछ।

१०.सञ्चालित कार्यक्रमको प्रगति सन्तोजनक नभएमा तोकिएको अवधिसम्म कार्यक्रमलाई निरन्तरता दिन प्रथम पक्ष बाध्य हुनेछैन ।
११. कार्यक्रमको अवधि समाप्त भए पश्चात पनि दोश्रो पक्षले कार्यक्रमलाई निरन्तरता दिनु पर्नेछ ।
१२. कार्यक्रम सञ्चालनका दौरानमा कुनै कुरा हेरफेर वा परिमार्जन गर्नुपरेमा दुवै पक्षको आपसी सहमती अनुसार हुनेछ ।
१३. सम्झौतामा उल्लेख हुन छुट भएका विषयको हकमा यस कार्यविधि र प्रचलित कानुन र दुवै पक्षको सहमति अनुसार हुनेछ ।

१४. दोश्रो पक्षले सम्झौता मुताविकको काम नभै रकम दुरुपयोग हुन सक्ने देखेमा प्रथम पक्षले एक पटका लागि सचेत गराउने र त्यसो गर्दा पनि सुधार नदेखिए एक पक्षिय रुपमा सम्झौता भंग गर्ने र हिनामिना भए बराबर रकम सरकारी बाँकी सरह असुल उपरको प्रकृया अगाडी बढाउन सक्नेछ ।
१५.कृषकहरले भैसीहरुको अनिवार्य विमा गर्नु पर्नेछ ।
१६. आवश्यक अनुसार सान्दर्भिक थपघट गर्न सकिनेछ ।

दोस्रो पक्षप्रथम पक्ष

| | |
|---|---|
| नाम थर : | नाम थर |
| पद : | पद : |
| दस्तखतः | दस्तखत : |
| कृषक समुह/उपभोक्ता समतिको छाप | कार्यालयको छाप |

साक्षी
१.

२.

## अनुसूचि -०४

भैसीको मापदण्ड

१. दुध दिन **योग्य** भैसीमा हुनु पर्ने **गुणहरुः**

क.शारिरिक वनावटमा कुनै खोट नभएको प्रजनन तथा अन्य रोग नभएको हुनुपर्ने ।

ख.राम्रो दुध उत्पादन क्षमता भएको शारिरिक बनावट तथा कल्चौडा र थुन मिलेको हुनुपर्नेछ ।

ग. भैसीले स्थानिय हापानी सहन सक्ने र स्थानिय रुपमा उपलब्ध घाँसपात उपयोग गर्ने खालको हुनुपर्नेछ ।

घ.बढीमा ३ बेत सम्मको भैसी हुनुपर्नेछ ।

ङ हालसालै व्याएको तथा लगतै ब्याउन योग्य भैसी हुनु पर्नेछ ।

च के आई सिंह गाउँपालिका भन्दा अन्य पालिकाबाट खरिद गरिएको हुनु पर्नेछ ।

# अनुसूचि -०५

## प्रगति विवरण फारम

कार्यक्रमको नाम :

ठेगानाः

प्रगति विवरणको अवधि : मिति : ....................................देखि ...................................सम्म

| सि.न. | सम्पन्न कृयाकलाप | इकाई | परिमाणा | वार्षिक लक्ष्य | हाल सम्मको प्रगति | कुन ठाउँमा के गरियो भन्ने विवरण उल्लेख गर्ने | लाभान्वित कृषक परिवार संख्या | हाल सम्मको खर्च रु |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

तयार गर्ने पेश गर्ने सदर गर्ने

# अनुसूचि - ०६

कार्यक्रमलाई प्रभावकारी वनाउन गाउँपालिका स्तर र वडा स्तरको अनुगमन मुल्याकन समिति हुनेछ र पालिका स्तरको समिति ७ सदस्य र वडा स्तरको ५ सदस्यीय हुनेछ । समितिको अनुगमन मूल्याङ्कनका आधारमा कार्यक्रमलाई प्रभावकारी दिनेछ ।

गाँउपालिका स्तरको समिति

| | |
|---|---|
| १. गाँउपालिका उपाध्यक्ष | संयोजक |
| २. आर्थिक विकास शाखा संयोजक | सदस्य |
| ३. प्रमुख प्रशासकिय अधिकृत | सदस्य |
| ४. कार्यपालिका महिला सदस्य | सदस्य |
| ५. योजना शाखा प्रमुख | सदस्य |
| ६. प्राविधिक शाखा प्रमुख | सदस्य |
| ७कृषि विकास शाखा /पशु सेवा शाखा प्रमुख | सदस्य सचिव |

**वडा स्तरको समिति :**

| | |
|---|---|
| १. वडा अध्यक्ष | संयोजक |
| २. वडा सदस्य (पुरुष ) | सदस्य |
| ३. वडा सदस्य (महिला ) | सदस्य |
| ४. वडा सचिव | सदस्य |
| ५. कृषि विकास शाखा /पशु सेवा शाखा प्रमुख | सदस्य सचिव |

**कार्यक्रम अनुगमन फाराम**

१. कार्यक्रमको नाम :
२. कृषक समुहको नाम :
३. ठेगाना :
४.कार्यक्रम सुरु भएको वर्ष :
५. आर्थिक विवरण :
क. गाँउपालिकाबाट प्राप्त रकम रु.
ख. समितिकोवचत रकम रु.
ग.अन्य संघसंस्थाबाट प्राप्त रकम रु.
घ. हाल सम्मको खर्च रकम रु.
ङ.बैकमा मौज्दात रकम रु.
६. स्थान अनुसार गोठ/खोरको बनावट
७. घाँस विकास अवस्था
८. उपभोक्ता समितिमा रहेका भैसीको अवस्था
९.उपभोक्ता समितिमातथ्याङ्क र रेकर्डहरु अद्यावधिको अवस्था
१०. उपभोक्ता समितिको कृयाशिलता र लक्षित कार्यक्रम सम्पादन हुने अवस्था
११. उपभोक्ता समितिले गरेको उल्लेखित कार्यहरु
१२.उपभोक्ता समितिले भोगेका समस्याहरु
१३. समस्या समाधानका लागि पहल

१४. अनुगमन टोलीले दिएका सुझावहरु :

कार्यालयको तर्फबाट अनुगमनकर्ताहरु :

| सि.न. | सहभागिको नाम थर | पद | सम्पर्क नं. | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

**अनुगमन गरेको**

मिति ................साल ............महिना ............गते.............रोज....... शुभम् ।

## गरिब तथा विपन्न परिवार र एकल महिलाका लागि आयआर्जन सम्बन्धि कृषि तथा पशुपालन कार्यक्रमको ब्रेकडाउन (२५ लाख)

| क्र.स. | कार्यको विवरण | इकाई | परिमाण | दर | जम्मा रकम | कार्यालयले व्यहोर्ने रकम ५०% रकम रु | उपभोक्ता समितिले व्यहोर्ने ५०% रकम रु | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १. | दुध दिनेस्थानीय माउ भैसी खरिद एवम ढुवानी | वटा | ४० | ८८००० | ३५२०००० | १७६०००० | १७६०००० | ५०% अनुदान |
| २. | भैसिको आन्तरिक तथा बाह्यपरजिवि नियन्त्रण र भैसीको उपचार औषधि खरिद | पटक | १ | ३००००० | ३००००० | ३००००० | ० | शतप्रतिशत अनुदान |
| ३. | क्षमता विकास तालिम वा अन्तरकृया गोष्ठी | पटक | १ | ६०००० | ६०००० | ६०००० | ० | शतप्रतिशत अनुदान |
| ४. | विमा खर्च | पटक | | ६०००० | ६०००० | ६०००० | ० | शतप्रतिशत अनुदान |
| ५. | ढुवानी खर्च ( भैसी, औषधी तथा अन्य सामागीहरु ) | पटक | १ | ५०००० | ५०००० | ५०००० | ० | शतप्रतिशत अनुदान |
| ६. | प्रगती प्रतिवेदन अभिलेखिकरण र तथ्यांक अध्यावधिक, बिभिन्न प्रशासनिक, विविधि र अनुगमन खर्च | पटक | १ | २००००० | २००००० | २००००० | ० | शतप्रतिशत अनुदान |
| ७. | भैसीपालन उपभोक्ता समिति व्यवस्थापन खर्च | पटक | ७ | १०००० | ७०००० | ७०००० | ० | शतप्रतिशत अनुदान |
| जम्मा रकम | | | | | ४२६०००० | २५००००० | १७६०००० | |

**नोट- कार्यविधी तर्जुमा गर्दा भैसिको खरिद मूल्य दर जिल्ला दररेट डोटी लाई आधार मानी बनाएको तथा अन्य खरिद तथा कार्यक्रम संचालन प्रक्रिया सार्वजनिक खरिद ऐन तथा नेपाल सरकारको कार्य संचालन निर्देशिका बमोजिम हुने ।**

आज्ञाले,
हिमाल डंगौरा
प्रमुख प्रशासकीय अधिकृत